नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

वर्ष ८, अंक ५, भदौ








# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन

नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग

प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान ।
विश्वासिलो अभियोजन: पीडितको सम्मान ॥

मासिक ई-बुलेटिन

# विषय सूची


| शीर्षक | पृष्ठ |
| --- | --- |
| विभागीय गतिविधि | १ - ३ |
| अपराध तथ्याङ्क | ४ - ११ |
| प्रहरी सेवा प्रवाह | १२- १७ |
| खोजतलास तथा समन्वय | १८ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १९ - २१ |
| अपराध समाचार | २२ - २७ |
| उत्कृष्ट अनुसन्धान | २८ |
| सम्पादक मण्डल | २९ |

मासिक ई-बुलेटिन

# विभागीय गतिविधिहरु

## Mission बाट फिर्ता हुनु भएका प्रहरी अधिकृतहरुको स्वागत कार्यक्रम सम्पन्न



***काठमाडौं, १६ भदौ***

United Nation Mission in South Sudan (UNMISS) Mission बाट एक वर्षे कार्यकाल सफलतापूर्वक सम्पन्न गरी फिर्ता हुनु भएका प्रहरी नायव उपरीक्षकज्यूहरुलाई विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूले प्रमाणपत्र प्रदान गरी स्वागत गर्नु भयो। उक्त कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरु ,प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु , प्रहरी नायव उपरीक्षकज्यूहरु र प्रहरी निरीक्षकज्यूहरुको उपस्थिति रहेको थियो।

## Watchmaker 1st Working Group Meeting for South Asia, Kathmandu, Nepal कार्यक्रम सम्पन्न



***काठमाडौं, १७ भदौ***

Interpol महासचिवालयद्धारा संचालित परियोजना Project Watchmaker अन्तर्गत Interpol Chemical and Explosives Terrosim Prevention Unit द्धारा नेपाल, बंगलादेश, माल्दिप्स र श्रीलंकाको कानून कार्यान्वयन गर्ने निकायका प्रतिनिधिहरुको सहभागितामा 2025, September , 02 देखि September 04 सम्म 1st Watchmaker Working Group Meeting for South Asia, विषयक कार्यक्रम काठमाडौको हायात होटलमा सम्पन्न । उक्त कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यू र Alan GRIMMER , Head of Interpol's CMX Unit ज्यूबाट संयुक्त पानसमा बत्ति बालेर उद्घघाटन गर्नु भयो। कार्यक्रममा विभिन्न देशका सहभागी प्रतिनिधीहरुलाई विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूले स्वागत सहितको मन्तव्य व्यक्त गर्नुभयो।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति पक्राउ



***काठमाडौं, ३ भदौ***

मानव बेचबिखन तथा ओसार पसार मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी कीर्तिपुर नगरपालिका-४ गाम्चा बस्ने रूकुम पश्चिम बाफिकोट गाउँपालिका-२ घर भएका कल बहादुर बस्नेत पक्राउ परेका छन्। एनसिबि Abu Dhabi युएईको समन्वयमा युएईमा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ। उक्त मुद्दामा संलग्न रही फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि एनसिबि काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८१ पुस ११ गते उनी विरूद्ध

रेड नोटिस जारी भएको थियो । उनलाई सम्बन्धित कसूर बमोजिम कानूनी कारवाहीको लागि मानव बेचबिखन ब्यूरो पठाइएको छ ।


## इन्टरपोलबाट डिफ्युजन जारी भएका फरार व्यक्ति पक्राउ



***काठमाडौं, ५ भदौ***

जबरजस्ती करणी मुद्दामा इन्टरपोलबाट डिफ्युजन जारी भएका फरार प्रतिवादी कपिलवस्तु वाणगंगा नगरपालिका-३ घर भएका दिपक कुमार श्रेष्ठ पक्राउ परेका छन् । बेलायतबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आगमन हुने क्रममा एनसिबि काठमाडौंबाट खटिएको प्रहरीले उनलाई विमानस्थलबाट पक्राउ गरेको हो । जबरजस्ती करणी मुद्दामा फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीबाट अनुरोध भएपश्चात एनसिबि काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट सन् २०२३ जुलाई २० मा उनी विरूद्ध डिफ्युजन जारी भएको थियो । उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ ।


## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति पक्राउ



***काठमाडौं, ११ भदौ***

मानव बेचबिखन तथा ओसार पसार मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी सुर्खेत भेरीगंगा नगरपालिका-२ सप्तरी समाझिंघा बस्ने कृष्ण सुनार पक्राउ परेका छन् । एनसिबि कुवेतको समन्वयमा कुवेतमा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ । उक्त मुद्दामा संलग्न रही फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि एनसिबि काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८१ चैत २५ गते उनी विरूद्ध रेड नोटिस जारी भएको थियो । उनलाई सम्बन्धित कसूर बमोजिम कानूनी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय सुर्खेत बुझाइने नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ ।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति पक्राउ



***काठमाडौं, १६ भदौ***

ठगी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएकी फरार प्रतिवादी रूपन्देही बुटवल उपमहानगरपालिका-१ घर भएकी सरिता घर्ती मगर पक्राउ परेकी छिन् । युएईमा पक्राउ परेकी उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ । उक्त मुद्दामा संलग्न रही फरार रहेकी उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि एनसिबि काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८० माघ १ गते उनी विरूद्ध रेड नोटिस जारी भएको थियो । उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि इलाका प्रहरी कार्यालय इटहरी सुनसरी बुझाइने नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ ।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति पक्राउ



***काठमाडौं, २३ भदौ***

ज्यान सम्बन्धी कसूर (कर्तव्य ज्यान) मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी पर्वत साविक बेउलीबास गाविस-३ ठेगाना भएका दिपक सारू थापा भन्ने खिम बहादुर थापा पक्राउ परेका छन्। एनसिबि रियाद साउदी अरेबियाको समन्वयमा साउदी अरेबियामा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ। दिपक सारू थापा भन्ने खिम बहादुर थापा समेत भएको कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत पर्वतको २०६९ माघ १५ गतेको फैसलाले जन्म कैद (२० वर्ष) सजाय ठहर भई वारदात पश्चात फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८२ साउन २० गते उनी विरूद्ध रेड नोटिस जारी भएको थियो। उनलाई सम्बन्धित कसूर बमोजिम कानूनी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय पर्वतबाट खटि आएका प्रहरीलाई बुझाइएको ।

## Online Recruitment Management System (ORMS ) Training सम्पन्न





***काठमाडौं , ६ भदौ***

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वाधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८२।०५।०१ गते देखि मिति २०८२।०५।०६ गतेसम्म संचालित Online Recruitment Management System (ORMS) विषयक Training सम्पन्न भयो। उक्त तालिममा प्रहरी निरीक्षक ८ , प्रहरी नायव निरीक्षक ६, प्रहरी सहायक निरीक्षक १३, प्रहरी सहायक हवल्दार ३ र प्रहरी जवान ५ गरि जम्मा ३५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो । Online Recruitment Management System (ORMS) Training सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई व्यक्त गर्नुका साथै प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नु हुँदै प्रशिक्षार्थीहरुले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीपूर्वक त्रुटीरहित ढंगबाट कार्य सम्पादन गर्न निर्देशन समेत दिनु भयो।


# अपराध तथ्याङ्क

## उपत्यका र प्रदेशगत पछिल्लो ५ आ.व.को कुल मुद्दा दर्ता र फर्छ्यौट संख्या
## (आ.व. ०७७/०७८ देखि आ.व. ०८१/०८२)




मासिक ई-बुलेटिन

## काठमाडौं उपत्यका तथा प्रदेशगत मासिक कुल मुद्दा दर्ता तथ्याङ्क





## काठमाडौं उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा दर्ता संख्या (असार - भदौ)




## मासिक ई-बुलेटिन


### उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा शीर्षकगत दर्ता संख्या ( असार- भदौ )





### आत्महत्याको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क




## बैंकिङ कसूरको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क





## जघन्य अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या



## गम्भीर अपराधको प्रदेशगत मासिक मुद्दा दर्ता सख्या





## सम्पत्ती शुद्दीकरणको उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता सख्या



मासिक ई-बुलेटिन


## २०८२ साल भदौ महिनामा घरेलु हिंसा सम्बन्धी विवरण





## २०८२ साल भदौं महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | २३७ | १६ वर्ष ८ महिना २२ दिन | २२९६६१४२ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | १११ | ७३ वर्ष ३ महिना १९ दिन | ७३४२२५५ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | १७१ | १३५ वर्ष ११ महिना २९ दिन | ४२०४१९४ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | १२२ | २९ वर्ष ० महिना ४ दिन | १५२३०८२७ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ९९ | ३७ वर्ष ० महिना २५ दिन | २२९७४४४१ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | १५० | ७३ वर्ष १ महिना १ दिन | २६२६११४७ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ३१ | ८ वर्ष ४ महिना १३ दिन | ८७६५२० |
| ८. | सुदरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ८२ | ४४ वर्ष ४ महिना १६ दिन | १६११५५० |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | १४ | ११ वर्ष २ महिना १० दिन | १४२४८०६०८ |
| **जम्मा** | | **१०७८ जना** | **४५१ वर्ष १० महिना ४ दिन** | **रु. २४,३९,४७,६८४ ।-** |


## लागू औषधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक  मुद्दा दर्ता संख्या




## अभियुक्त पक्राउ सम्बन्धी काठमाडौं उपत्यका र प्रदेशगत मासिक तथ्याङ्क




## साईबर अपराध काठमाडौं उपत्यका र प्रदेशगत मासिक उजुरी, मुद्दा दर्ता र अभियुक्त पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८२ साल भदौं महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८२ साल भदौ महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | कार्य विवरण | |
|---|---|---|---|
| | | दर्ता | वितरण |
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | ९९६९६ | ७५०९६ |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | ९ | ८ |
| ३. | अध्यागमन विभाग | १६२ | १७८ |
| ४. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ४७ | ४७ |
| ५. | औंठाछाप प्रमाणिकरण | ७३ | ७३ |
| | अन्य (रिट निवेदन/उजुरी छानबिन) | ३ | ३ |
| **जम्मा** | | ९९९९० | ७५४०५ |

## सामुदायिक प्रहरी गतिविधि

२०८२ साल भदौ महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :

(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)








**मिति २०८२।०५।१७ गते पोखरा २५, हेमजामा मानव बेचबिखन बिरुद्धको कार्यक्रम संचालन**




मिति २०८२।०५।०६ गते ढोरपाटन बाग्लुङमा लागु औषध बिरुद्धको कार्यक्रम संचालन


# आसरा सुधार केन्द्र रानीबारी

## २०८२ साल भदौ महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या




# आसरा सुधार केन्द्र पानवारी , धरान सुनसरी

## २०८२ साल भदौ महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या



# आसरा सुधार केन्द्र, फुलवारी धनगढी कैलाली

## २०८२ साल भदौ महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## २०८२ साल भदौं महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | ६ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | १५ जना |
| ३. | हराएका विदेशी नागरिकहरु | ० जना |
| ४. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | १६,९७९ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको। | ४ जना |

# खोजतलास तथा समन्वय

## २०८२ साल भदौं महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको




## २०८२ साल भदौं महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण संख्या




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- Digital Forensics Lab बाट २०८२ सालको भदौ महिनामा बिभिन्न **१६** वटा मुद्दा शीर्षक (चोरी, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन , बिद्युतीय अपराध, जबरजस्ती करणी, कर्तव्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी,  वेवारीसे लास, भबितव्य ज्यान) अन्तर्गत **७८** वटा मुद्दाको **२७०** वटा सबुदहरु परीक्षण गरिएको।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- भदौ महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८२/०५/०१ गतेदेखि २०८२/०५/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि ४३२ केशहरुको २४५५ नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डीङ केशहरु समेत गरी ७४५ केशहरुको ५०५२ नमूनाहरु परीक्षण गरिएको ।
- मिति २०८२/०५/०१ गते देखि २०८२/०५/३१ गते सम्म यस प्रयोगशालाबाट (AFIS) मा २११२ DATA Entry भएको ।
- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८२/०५/०१ गतेदेखि २०८२/०५/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि २२२ केशहरुको ८९५ नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी १७५ केशहरुको ५३३ नमूनाहरु परीक्षण गरिएको ।
- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८२/०५/०१ गतेदेखि २०८२/०५/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि ३६ केशहरुको ११५ नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी १४२ केशहरुको ४२० नमूनाहरु परीक्षण गरिएको ।
- नेपाल सरकार परराष्ट्र मन्त्रालय अन्तर्गत राहदानी विभाग त्रिपुरेश्वर काठमाण्डौमा यस प्रयोगशाला अन्तर्गत फोरेन्सिक इकाईबाट औंठाछाप- ६८, हस्ताक्षर-२४ र फोटो- ३४ प्राप्त भई प्रमाणिकरण गरिएको ।
- मिति २०८२/०५/०१ गतेदेखि २०८२/०५/३१ गतेसम्म विभिन्न जिल्ला अदालहरुमा विभिन्न विषयसँग सम्बन्धित मुद्दामा **८ जना** विशेषज्ञहरुद्वारा बकपत्र सम्पन्न भएको ।
- श्री सशस्त्र प्रहरी बल नेपाल यु.एन. शान्ति स्थापना तालिम शिक्षालय, ककनीमा संचालन भईरहेको सि.सं. १७ (क) सशस्त्र प्रहरी सहायक निरीक्षक आधारभुत तालिममा सहभागि ४७ जना प्रशिक्षार्थीहरुलाई मिति २०८२/०५/२३ गते यस प्रयोगशालामा अवलोकन भ्रमण गराईएको र नेपाल प्रहरी अपराध अनुसन्धान विद्यालय महाराजगंज, काठमाण्डौमा मिति २०८२/०४/१८ गतेदेखि संचालन भईरहेको ३५ कार्यदिन अवधिको आवासीय " घटनास्थल अनुसन्धान सहायक (प्र.व.ह.-प्र.ज.) तालिम १९ औं" समूहका २४ जना प्रशिक्षार्थीहरुलाई मिति २०८२/०५/२३ गते यस प्रयोगशालामा अवलोकन भ्रमण गराईएको ।
- आ.ब.२०८२/०८३ को नेपाल प्रहरीको स्वीकृत वार्षिक तालिम क्यालेण्डर अनुसार तालुक राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजको तत्वावधानमा यस प्रयोगशालाबाट मिति २०८२।०५।१५ गते देखि मिति २०८२/०६/०२ गतेसम्म संचालन भएको १६ (सोह्र) कार्य दिन अवधीको गैह्र-आवासिय TRG_CODE AFS “Orientation Course on Fingerprint & Automated Fingerprint Identification System (AFIS) (प्र.ज. देखि प्र.ब.ह) तालिम नवौं ” समूहमा २६ जना प्रशिक्षार्थीहरु सहभागि भएको

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

### २०८२ साल भदौ महिनामा केनाईन परिचालित संख्या



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### श्रीमतीको हत्या गरी फरार रहेका व्यक्ति पक्राउ

***काठमाडौं, १ भदौ***

आफ्नै श्रीमती २७ वर्षीया ललिता विकको हत्या गरी फरार रहेका २८ वर्षीय सन्तोष सेन्चुरीलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं महानगरपालिका-२६ गोगबु मित्रनगरस्थित कञ्चन कोशी होटल एण्ड लजको कोठा नम्बर २०१ मा ललिताको हत्या भएको घटनाको अनुसन्धानको क्रममा घटनामा संलग्न सन्तोषलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय पर्सासँगको समन्वयमा पर्सा वीरगंजबाट पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानको क्रममा ललिता र सन्तोष बिच सम्बन्ध बिच्छेद गर्न भनी सहमती भई दुबै जना भिन्न बस्दै गरेको र २०८२ साउन २७ गते सम्बन्ध बिच्छेदको अन्तिम छलफल गर्ने भनी ललितलाई उक्त होटलमा बोलाई हत्या गरेको खुल्न आएको छ। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि प्रहरी वृत्त महाराजगंज पठाइएको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***रूपन्देही, ३ भदौ***

३८ वर्षीय सन्त बहादुर कुमालको हत्या गरेको अभियोगमा १९ वर्षीय सुदिप जैसीलाई गए राति प्रहरीले पक्राउ गरेको छ। सुदिपले विवादको क्रममा सन्त बहादुर र उनकै भाइ १९ वर्षीय सुमन कुमाललाई चक्कु प्रहार गर्दा दुबै जना गम्भीर घाइते भई उपचारको लागि देवदह मेडिकल कलेज भलुहीमा लगिएकोमा सन्त बहादुरको उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ५ भदौ***

**काठमाडौं,** आफ्नै श्रीमती ३५ वर्षीया सर्मिला मग्रातीको हत्या गरेको अभियोगमा ३३ वर्षीय भिमसेन मग्रातीलाई प्रहरीले पक्राउ गरेको छ। भिमसेनले सर्मिलालाई करूवा प्रहार गरी हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

**रौतहट ,**२२ वर्षीय साहबुदिन मियाको हत्या गरेको अभियोगमा २० वर्षीय सोनु भन्ने सनोज रामलाई प्रहरीले पक्राउ गरेको छ। सनोजले चक्कु प्रहार गर्दा साहबुदिन गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। गम्भीर घाइते भएका साहबुदिनको प्रादेशिक अस्पताल गौरमा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्यामा संलग्न रहेको अभियोगमा आठ जना पक्राउ

***स्याङ्जा, १० भदौ***

३२ वर्षीय ढाल बहादुर थापाको हत्यामा संलग्न रहेको अभियोगमा ८ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा २२ वर्षीय सिजन थापा, २० वर्षीय विवेक मानन्धर, २३ वर्षीय गोरे भन्ने गुरू प्रसाद लम्साल, २३ वर्षीय विश्वास वाग्ले, १७ वर्षीय किशोर, २२ वर्षीय निशान थापा, २४ वर्षीय अनिल शाही ठकुरी र १८ वर्षीय किशोर रहेका छन्। मोटरसाइकल चर्को आवाजमा चलाएको विषयमा वादविवादको क्रममा ढाल बहादुरलाई कुटपिट गर्दा गम्भीर घाइते भई उपचारको लागि गण्डकी मेडिकल कलेज पोखरा लगिएकोमा उपचारको क्रममा उनको मृत्यु भएको थियो। अनुसन्धानको क्रममा जिल्ला प्रहरी कार्यालय स्याङ्जा, वडा प्रहरी कार्यालय वालिङ समेतबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई स्याङ्जा जिल्लाका विभिन्न स्थानबाट पक्राउ गरेको हो। उनीहरू उपर कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत स्याङ्जाबाट १० दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***बैतडी, २३ भदौ***

आफ्नै काकी ३५ वर्षीया बेलमती धामीको हत्या गरेको अभियोगमा ३० वर्षीय यज्ञ सिंह धामीलाई प्रहरीले पक्राउ गरेको छ। यज्ञले बन्चरो प्रहार गर्दा बेलमतीको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी गाजरीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***पर्सा २४ ,भदौ***

३० वर्षीय महमद मुराद मियाँको हत्या गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा २१ वर्षीय मनिक पराजुली र २० वर्षीय अनिश राई रहेका छन्। उनीहरूले वीरगंज महानगरपालिका-१६ बसपार्कमा महमदलाई कुटपिट गरी घाइते बनाएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी बसपार्कबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। कुटपिटबाट गम्भीर घाइते भएका महमदको नारायणी अस्पताल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको थियो। उनीहरू उपर ज्यान सम्बन्धी कसूरमा जिल्ला अदालत पर्साबाट ७ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

## विभिन्न धनमाल चोरी

***सुनसरी, १ भदौ***

५० वर्षीय हरी प्रसाद पौडेलको गहना पसलबाट नगद तथा सुनका विभिन्न गरगहना समेत गरी करिब ५४ लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## विभिन्न धनमाल चोरी

***काठमाडौं, ४ भदौ***

**काठमाडौं,** ६० वर्षीय गोबिन्द बहादुर लोहनीको कोठाबाट सुनका विभिन्न गरगहना र नगद २ लाख ३० हजार रूपैयाँ समेत गरी करिब ९ लाख २० हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ।

**बझाङ**, खड्क राज जोशीको घरबाट सुनका गरगहना र नगद ५० हजार रूपैयाँ चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरारव्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## ठगीमा संलग्न व्यक्ति पक्राउ

***काठमाडौं, ५ भदौ***

ठगीमा संलग्न रहेको अभियोगमा २७ वर्षीय सन्जिव राईलाई प्रहरीले पक्राउ गरेको छ। NEPALESE ARMY INSTUTE OF HEALTH SCIENCES (NAIHS) मा हेल्थ एसिस्टेन्ट विषयमा अध्ययन गर्नको लागि पूर्ण छात्रवृत्तिमा नाम निकाली दिने विश्वास दिलाई पीडितबाट १ लाख ८५ हजार रूपैयाँ लिई सम्पर्कबिहीन भएको भन्ने पीडितको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई काठमाडौं महानगरपालिका-७ चाबहिलबाट पक्राउ गरेको हो। उनलाई ठगी सम्बन्धी मुद्दामा आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ

## बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, ५ भदौ***

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी ३३ वर्षीय प्रकाश कुमार खड्कालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत ललितपुरको २०८० असोज ७ गतेको फैसलाले २० लाख ९० हजार रूपैयाँ जरिवाना र ७ दिन कैद सजाय ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले ललितपुर गोदावरी नगरपालिका-२ बाट पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत ललितपुरमा पेश गरिएको छ।

## कोरिया पठाइदिन्छु भनि ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, ५ भदौ***

वैदेशिक रोजगारीको लागि कोरिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ३८ वर्षीया साहारा सुव्वा (थेवे) लाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई ललितपुर, ललितपुर महानगरपालिका-२८ हरिसिद्धिबाट पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानको क्रममा उनले हाल सम्म ९ जना पीडितहरूबाट कोरिया पठाइदिन्छु भनि १ करोड ८ लाख ३० हजार रूपैयाँ ठगी गरेको खुल्न आएको छ। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## विभिन्न धनमाल चोरी

***कपिलवस्तु, ६ भदौ***

बाशुदेव शर्माको घरबाट सुनका विभिन्न गरगहना र नगद समेत गरी करिब ६ लाख २२ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## युके पठाइदिन्छु भन्दै ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, ६ भदौ***

वैदेशिक रोजगारीको लागि आकर्षक तलबको प्रलोभनमा पारी युके पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा इडियु सर्च नेपाल बानेश्वरका संचालक २९ वर्षीय बसन्त कार्कीलाई प्रहरीले पक्राउ गरेको छ। बसन्तले युके पठाइदिन्छु भन्दै ८ जना पीडितहरूबाट ४३ लाख रूपैयाँ लिई सम्पर्कबिहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-१० बाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## सुन तथा चाँदीका विभिन्न गरगहना चोरी

***कपिलवस्तु, ८ भदौ***

केशव सुनारको सुपादेउराली न्यू अर्घाखाँची सुनचाँदी पसलबाट सुन तथा चाँदीका विभिन्न गरगहना तथा नगद समेत गरी करिब १९ लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## नक्कली सुनलाई सक्कली सुन भनी ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, ९ भदौ***

नक्कली सुनलाई सक्कली सुन भनी ठगी गरेको अभियोगमा ३३ वर्षीय लाक्पा शेर्पालाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं महानगरपालिका-२६ गोंगबुस्थित क्वालिटी क्याफेमा अवैध सुनको खरिद बिक्री भइरहेको भन्ने खबर प्राप्त हुनासाथ काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई सुन जस्तो देखिने धातु १ किलोग्राम सहित पक्राउ गरेको हो। साथै उक्त सुन जस्तो देखिने धातुको परीक्षण गर्दा सुन नभई सुन जस्तो भान पारी लाक्पाले विभिन्न

व्यक्तिहरूलाई झुक्यानमा पारी ठगी गर्ने गरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## इजरायल र जापान पठाइदिन्छु भन्दै ठगी गर्ने दुई जना पक्राउ

***काठमाडौं, १० भदौ***

वैदेशिक रोजगारीको लागि इजरायल र जापान पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा २८ वर्षीय सुसन ताम्राकार र ५० वर्षीय योगेन्द्र घले रहेका छन्। पक्राउ मध्ये सुसनले इजरायल पठाइदिन्छु भन्दै १ जना पीडितबाट १२ लाख रूपैयाँ र योगेन्द्रले जापान पठाइदिन्छु भन्दै १ जना पीडितबाट ६ लाख रूपैयाँ लिई सम्पर्क बिहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठामाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले सुसनलाई काठमाडौं महानगरपालिका-९ बाट र योगेन्द्रलाई काठमाडौं महानगरपालिका-१० बाट पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## स्रोत नखुलेको रकम सहित पक्राउ

***काठमाडौं, १८ भदौ***

७८ वर्षीय विनोद कुमार श्रेष्ठलाई स्रोत नखुलेको नगद ४ करोड २५ लाख ५० हजार रूपैयाँ, करिब ९ हजार ८ सय ३७ ग्राम ९ सय ६० मिलिग्राम सुन जस्तो देखिने पहेँलो धातुका विभिन्न गरगहना र करिब ३ हजार २ सय १८ ग्राम ९ सय २० मिलिग्राम चाँदी जस्तो देखिने सेतो धातुका विभिन्न गरगहना सहित प्रहरीले पक्राउ गरेको छ। काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी, जिल्ला प्रहरी परिसर काठमाडौं र प्रहरी वृत्त महारागंज समेतबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त नगद तथा गरगहना फेला पारी पक्राउ गरेको हो।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## सामाजिक सञ्जालको दुरूपयोग गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, १९ भदौ***

सामाजिक सञ्जालमा सम्मानित तथा सार्वजनिक पद धारण गरेका व्यक्तित्वहरूलाई लक्षित गरी अमर्यादित अभिव्यक्तिका साथै हिंसात्मक भाषा सहितको पोष्ट गरी समाजमा सार्वजनिक नैतिकता र शिष्टाचारमा असर पार्ने, घृणा तथा द्वेष फैलाउने गतिविधिको अनुसन्धानको क्रममा साइबर ब्यूरोबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई कागेश्वरी मनोहरा नगरपालिका-७ मुलपानी बाट पक्राउ गरेको हो। उनी उपर विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा जिल्ला अदालत काठमाडौंबाट ३ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## सामाजिक सञ्जालमा महिलाहरूको चरित्र हत्या गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, २१ भदौ***

सामाजिक सञ्जालमा महिलाहरूको चरित्र हत्या गरेको अभियोगमा दिनेश कार्कीलाई प्रहरीले पक्राउ गरेको छ। सामाजिक सञ्जालमा फेक एकाउन्ट बनाई महिलाहरूलाई लक्षित गरी साथी बनाई कुराकानी गर्ने, अश्लील भिडियो पठाउनुका साथै अपशब्द प्रयोग गरी गाली गलौज तथा चरित्र हत्या समेत गर्ने कार्य गरेको भन्ने पीडितहरूको उजुरीको आधारमा साइबर ब्यूरोबाट खटिएको प्रहरीले इलाका प्रहरी कार्यालय पकली सुनसरीको सहयोगमा उक्त कार्यमा संलग्न उनलाई सुनसरीबाट पक्राउ गरेको हो। उनलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# यौनजन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***दाङ, २ भदौ***

१९ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा २० वर्षीय बालकृष्ण गिरीलाई प्रहरीले पक्राउ गरेको छ। गिरीले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय तुलसीपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं ५ ,भदौ***

संखुवासभा, १५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा १९ वर्षीय पुस्कर तामाङलाई प्रहरीले पक्राउ गरेको छ। पुस्करले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय संखुवासभाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ७ भदौ***

**अर्घाखाँची,** ३० वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा छत्रदेव ४० वर्षीय मेगराज नेपालीलाई प्रहरीले पक्राउ गरेको छ। मेगराजले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय खन र प्रहरी चौकी अर्घातोषबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

**इलाम,** १६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा २२ वर्षीय अमित गुरूङलाई प्रहरीले पक्राउ गरेको छ। अमितले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको

आधारमा प्रहरी चौकी फिक्कलबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ९ भदौ***

झापा, १६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा ७१ वर्षीय पहलमान पौडेल खत्री र ५५ वर्षीय रत्न बहादर तामाङ रहेका छन्। उनीहरूले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बनियानीबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।

नुवाकोट, १५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमाम ३५ वर्षीय बाबुराम माझीलाई प्रहरीले पक्राउ गरेको छ। माझीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी देवीघाटबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरको अभियोगमा पक्राउ

***झापा, १० भदौ***

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा १९ वर्षीय जिवन कटुवाललाई प्रहरीले पक्राउ गरेको छ। जिवनले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कारयालय धुलाबारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***सुर्खेत, १७ भदौ***

२४ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा २८ वर्षीय कमल रेग्मीलाई प्रहरीले पक्राउ गरेको छ। रेग्मीले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय छिन्चुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***मकवानपुर, २१ भदौ***

१० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा ६२ वर्षीय प्रेम बहादुर ध्यावालाई प्रहरीले पक्राउ गरेको छ। प्रेम बहादुरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय निजगढ बाराबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***मकवानपुर ,३० भदौ***

२२ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा ४२ वर्षीय रमेश थिङलाई प्रहरीले पक्राउ गरेको छ। रमेशले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी चैनपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ३१ भदौ***

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा रामचन्द्र ढुङ्गानालाई प्रहीले पक्राउ गरेको छ। रामचन्द्रले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा उक्त स्थानमा खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## लागु औषध सम्बन्धी

### अवैध लागूऔषध सहित पाँच जना पक्राउ

***सुनसरी, १ भदौ***

धरान उपमहानगरपालिका-२० ओशो पार्कस्थित जंगलबाट अवैध लागूऔषध गाँजा करिब ७२ किलोग्राम सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा ३० वर्षीय रूपेश राई, २८ वर्षीय मिलन राई, २५ वर्षीय रंजित राई, ३४ वर्षीय प्रदिप राई र ३१ वर्षीय सन्तोष राई रहेका छन्। अस्थायी प्रहरी चौकी अमरहाटबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब २ सय ४० किलो गाँजा बरामद

***उदयपुर ,२ भदौ***

बेलका नगरपालिका-२ स्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब २ सय ४० किलोग्राम प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी भागलपुर र प्रहरी चौकी बसाहाबाट खटिएको प्रहरीले उक्त स्थानमा वेवारिसे अवस्थामा रहेको बा.२१ च १८११ नम्बरको कार तलासी गर्दा ९ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### अवैध लागूऔषध सहित १ जना पक्राउ

***काठमाडौं, ४ भदौ***

काठमाडौं ,गोकर्णेश्वर नगरपालिका५- नारायणटारबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ६ सय ट्याब्लेट सहित २५ वर्षीय अनिष श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले बा .प्रनम्बरको स्कुटर ९६५४प ०३७-०२.लाई जाँच गर्ने क्रममा स्कुटरमा सवार उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

### अवैध लागूऔषध सहित २ जना पक्राउ

***मकवानपुर, ५ भदौ***

१९ वर्षीय दिपेश सुनारलाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ६ सय २० ग्राम सहित प्रहरीले

पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो। थप अनुसन्धानको क्रममा उक्त लागूऔषध २२ वर्षीय सुशान्त थोकरसँग खरिद गरेको खुल्न आएपश्चात प्रहरीले सुशान्तलाई समेत पक्राउ गरेको छ।

## अवैध लागूऔषध चरेश बरामद

***पर्सा, ७ भदौ***

पटेर्वा सुगौली गाउँपालिका-५ देउरीयाथित धान खेतबाट अवैध लागूऔषध चरेश जस्तो देखिने बस्तु करिब ५४ किलो ४ सय ग्राम प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीबाट खटिएको प्रहरीले लुकाई छिपाई राखिएको उक्त लागूऔषध फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## नियन्त्रित लागूऔषध सहित दुई जना पक्राउ

***मकवानपुर, ८ भदौ***

हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट नियन्त्रित लागूऔषध डाइजेपाम १ हजार ९ सय ५० एम्पुल, नोर्फिन १ हजार ९ सय ५० एम्पुल, फेनारगन १ हजार ९ सय ५० एम्पुल र ट्रामाडोल २ सय ४० ट्याब्लेट सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भारतिय नागरिक ३५ वर्षीय किस्मत अलि र २८ वर्षीय शाहरूख अलि रहेका छन्। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित विभिन्न स्थानबाट २ जना पक्राउ

***सुनसरी १० ,भदौ***

सुनसरी, बराहक्षेत्र नगरपालिका-११ बाट नियन्त्रित लागूऔषध ट्रामाडोल १२ हजार ६ सय ट्याब्लेट सहित २१ वर्षीय सुनिल मुखिया समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी मघुवनबाट खटिएको प्रहरी लौकहीबाट प्रकाशपुरतर्फ आउँदै गरेको प्रदेश १-०२-१६ प १२८७ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो।
अवैध लागूऔषध सहित १ जना पक्राउ
काठमाडौं, ११ भदौ

काठमाडौं, चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट नियन्त्रित लागूऔषध ट्रामाडोल २ हजार ४ सय ४० ट्याब्लेट र नाइट्राभेट ४ हजार ५ ट्याब्लेट सहित भारतिय नागरिक ४८ वर्षीय गणेश शर्मालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग नागढुङ्गाबाट खटिएको प्रहरीले गौरदेखि काठमाडौंतर्फ आउँदै गरेको बा.प्र.०३-००१ ख २८४४ नम्बरको बसमा सवार उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो।

## अवैध लागूऔषध गाँजा १ सय ३८ किलो ८ सय ग्राम सहित ६ जनापक्राउ

***मकवानपुर, १५ भदौ***

मकवानपुर, हेटौंडा उपमहानगरपालिका-३ बाट अवैध लागूऔषध गाँजा १ सय ३८ किलो ८ सय ग्राम सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा २१ वर्षीय सुदिप तामाङ, २० वर्षीय सबिन तामाङ, २२ वर्षीय सागर तामाङ ३० वर्षीय प्रेमराज मोक्तान र २ जना किशोर रहेका छन्।

## नियन्त्रित लागूऔषध ट्रामाडोल बरामद

***मोरङ, २० भदौ***

धनपालथान गाउँपालिका-२ गोसाई पोखरीबाट नियन्त्रित लागूऔषध ट्रामाडोल १५ हजार ट्याब्लेट प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी अमाहिबरियातीबाट खटिएको प्रहरीलाई देख्नासाथ भारतबाट नेपालतर्फ आउँदै गरेका व्यक्तिले झोला फाली फरार भएपश्चात झोला तलासी गर्दा उक्त लागूऔषध फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध गाँजा ९० किलो ६ सय ४० ग्राम सहित २ जना पक्राउ

***धादिङ, २२ भदौ***

धादिङ ,गजुरी गाउँपालिका-२ बाट अवैध लागूऔषध गाँजा ९० किलो ६ सय ४० ग्राम सहित २ जनालाई गए राति प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा खटिएको प्रहरीले चालिसेबाट मलेखुतर्फ जाँदै गरेको मे.१ च १५२२ नम्बरको एम्बुलेन्सलाई जाँच गर्ने क्रमाम उक्त परिमाणको गाँजा फेला पारी चालक सन्तोष र एम्बुलेन्समा सवार प्रेमलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित विभिन्न स्थानबाट २ जना पक्राउ

***काठमाडौं २३ ,भदौ***

काठमाडौं ,कागेश्वरी मनोहरा नगरपालिका-५ थलीबाट नियन्त्रित लागूऔषध ट्रामाडोल १ हजार ७ सय ४० ट्याब्लेट सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा २४ वर्षीय बिशाल गोले र ३० वर्षीय किरण भुजेल रहेका छन्। प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो।

## अवैध लागूऔषध करिब ८६ किलो ९ सय ग्राम गाँजा जना पक्राउ

***चितवन २४ ,भदौ***

चितवन, राप्ती नगरपालिका-११ कालापानीबाट अवैध लागूऔषध गाँजा करिब ८६ किलो ९ सय ग्राम सहित मकवानपुर मनहरी गाउँपालिका- ६ सिमपानी बस्ने २३ वर्षीय निशान बहादुर सुनचुरीलाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय भण्डाराबाट खटिएको प्रहरीले प्र.३-०३-००१ क ०००९ नम्बरको मिनी ट्रकलाई जाँच गर्ने क्रममा उक्त परिमाणको गाँजा फेला पारी चालक सुनचुरीलाई पक्राउ गरेको हो।

## करिब १ सय ५० किलो गाँजा सहित ट्रक चालक पक्राउ

***मकवानपुर ३१ ,भदौ***

भीमफेदी गाउँपालिका-२ भैसेबाट अवैध लागूऔषध गाँजा करिब १ सय ५० किलोग्राम सहित ४१ वर्षीय बिर बहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी भैसेबाट खटिएको प्रहरीले पालुङबाट हेटौंडातर्फ आउँदै गरेको बा.२ ख ३२१९ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा १२ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी चालक बिर बहादुरलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## पेस्तोल तथा गोली सहित दुई जना पक्राउ

***बाँके, १ भदौ***

नेपालगंज उपमहानगरपालिका-४ बसपार्कबाट कट्टुवा पेस्तोल १ थान र गोली २ राउण्ड सहित सोही नगरपालिका-९ बस्ने १७ वर्षीय किशोर समेत २ जनालाई गए राति प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरीले पुष्पलाल चोकबाट बसपार्कतर्फ आउँदै गरेको ने.१ ह ४५०२ नम्बरको ईरिक्सामा सवार उनीहरूलाई उक्त पेस्तोल र गोली सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## चार थान भरूवा बन्दुक बरामद

***रूकुम पूर्व, ४ भदौ***

पुथाउत्तरगंगा गाउँपालिका-१३ रानिवनस्थित ओढारबाट भरूवा बन्दुक ४ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय तकसेराबाट खटिएको प्रहरीले ओढारमा लुकाई छिपाई राखिएको उक्त बन्दुक फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## पेस्तोल र गोली सहित एक जना पक्राउ

***पर्सा २४ ,भदौ***

वीरगंज महानगरपालिका-१६ बाट होममेड सिक्सर पेस्तोल १ थान, गोली ३ राउण्ड र खोका १ थान सहित भारत झारखण्ड पाकु ग्राम पंचायत मालपाहारी बस्ने २७ वर्षीय प्रदिप शर्मालाई प्रहरीले पक्राउ गरेको छ। सोही ठाउँस्थित खाजा पसलमा प्रदिपले १८ वर्षीया किशोरीलाई गोली प्रहार गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्सा, वडा प्रहरी कार्यालय विर्ता र प्रहरी चौकी ईनर्वाबाट खटिएको प्रहरीले उनलाई उक्त हातहतियार सहित पक्राउ गरेको हो। साथै गोली प्रहारबाट घाइते भएकी किशोरीको एनएमसी अस्पताल वीरगंजमा उपचार भइरहेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ

## सात सय ३० राउण्ड गोली सहित आठ जना पक्राउ

***काभ्रे, २९ भदौ***

बनेपा नगरपालिका-९ बाट ७ सय ३० राउण्ड गोली सहित ८ जनालाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा बनेपा नगरपालिका-९ बस्ने २६ वर्षीय सिजन सुवाल, २८ वर्षीय सुवास गौतम, १८ वर्षीय किशोर, १५ वर्षीय बालक, बारा घर भएका २० वर्षीय महेश मुखिया, मकवानपुर बकैया गाउँपालिका-६ घर भएका २४ वर्षीय सुशान्त लो, तेमाल गाउँपालिका-२ घर भएका २१ वर्षीय तिमोथी तामाङ र पनौती नगरपालिका-१० बस्ने ३४ वर्षीय अछुत खड्का रहेका छन्। जिल्ला प्रहरी कार्यालय काभ्रेबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त गोली सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## मानव बेचबिखन तथा ओसारपसारमा संलग्न व्यक्ति पक्राउ

***पर्सा, ५ भदौ***

मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको अभियोगमा गोरखा, गोरखा नगरपालिका-४ बस्ने २८ वर्षीया सरिता सिर्मललाई प्रहरीले पक्राउ गरेको छ। सरिताले पीडितहरूलाई विभिन्न प्रलोभन देखाई ललाई फकाई हेटौंडाबाट वीरगंज हुँदै भारतको रक्सौलतर्फ लैजान लागेको अवस्थामा जिल्ला प्रहरी कार्यालय पर्सा र प्रहरी चौकी ईनर्वाबाट खटिएको प्रहरीले उनलाई वीरगंज महानगरपालिका-१६ शंकराचार्य गेटस्थित सडकबाट पक्राउ गरेको हो। साथै प्रहरीले तीन जना पीडितहरूलाई उद्दार समेत गरेको छ। उनी उपर मानव बेचबिखन तथा ओसार पसार सम्बन्धी कसूरमा जिल्ला अदालत पर्साबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अपहरण तथा शरीर बन्धक कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

***स्याङ्जा, ११ भदौ***

अपहरण तथा शरीर बन्धक कसूर मुद्दाका फरार प्रतिवादी अर्जुनचौपारी गाउँपालिका-५ बस्ने ३८ वर्षीय ठाकुर विकलाई प्रहरीले पक्राउ गरेको छ। उच्च अदालत पोखरा कास्कीको २०७० चैत १८ गतेको फैसलाले उक्त मुद्दामा २ वर्ष ९ महिना ५ दिन कैद र २५ हजार रूपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय स्याङ्जाबाट खटिएको प्रहरीले कास्की छोरेपाटनबाट पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत स्याङ्जामा पेश गरिएको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक – जबरजस्ती करणी र ज्यानमार्ने उद्योग

मिति २०८२।०४।३० गते राती अं.२०:२२ बजेको समयमा ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं.४ ईमाडोल स्थित दिनेश गुरुङले ईच्छा विपरीत जबरजस्ती करणी गरी कुटपिट गरी मरणासन्न अवस्थामा पारी ज्यान मार्ने उद्योग समेत गरेको भनि परिवर्तित नाम २०८२।०८३ जावलाखेल ८ को जाहेरीले प्रतिवादी दिनेश गुरुङलाई पक्राउ गरी अनुसन्धानपश्चात पेश हुँदा सम्मानित अदालतको मिति २०८२।०५।२० गतेको आदेशले पूर्पक्षको लागि थुनामा गएको।

## मुद्दा शीर्षक – मृत फेला परेको लाशबाट परिवर्तन भई कर्तव्य ज्यानमा परिणत

मिति २०८२।०४।२५ गते बिहान अं. ०९:३० बजेको समयमा गोवरधन गुरूङ आफ्नै घरको कोठामा उतानो परि मृत अवस्थामा फेला परेको र मृतक गोबरधन गुरुङको श्रीमती र मृतक विच घरमा रहदा बस्दा बारम्बार झै-झगडा गरिरहने लगायतका कारण र आधार प्रमाणबाट भाई गोबरधन गुरुङलाई अभियुक्त तिलरुपा गुरुङले नै कर्तव्य गरी मारेकोमा मलाई पूर्ण विश्वास लागेकोले अभियुक्त तिलरुपा गुरुङलाई पक्राउ गरी कानुन बमोजिम कारबाही गरी पाँउ भन्ने व्यहोराको मिति २०८२।०५।०५ गते किटानी जाहेरी दरखास्त मृतकको दाई गम बहादुर गुरूङले दिइएको घटनामा अनुसन्धानपश्चात प्रतिवादी बर्ष ५५ को कमला भन्ने तिलरुपा गुरूङलाई सम्मानित इलाम जिल्ला अदालतबाट मिति २०८२।०५।३० गते रु.१,५०,०००/- धरौटी खुलेकोमा तिर्न नसकी पूर्पक्षको लागि कारागार पठाईएको।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

धादिङ २४ (५०)०८२०८३ लाई विवाह गर्ने भनि बहाना बनाई ललाई फकाई गरी मिति २०८१।१०।२४ गतेका दिन पहिलो पटक होटलमा बोलाई करणी गरेको र पछि निज प्रतिवादीको घरमा बोलाई विवाह गर्छु भनि करणी गरी झुट्टो अश्वासन बनाई पटक-पटक करणी गरेको र गर्भधारण गराई गर्भ फाल्न लगाएको हुँदा कानून बमोजिम कारवाही गरी पाउँ भन्ने धादिङ २४(५२)०८२/०८३ ले जाहेरी दरखास्त दिएकोमा अनुसन्धानको क्रममा प्रतिवादीलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान कार्य सम्पन्न भएपश्चात सम्मानित धादिङ जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०८२।०५।२९ गतेको आदेशले प्रतिवादी पूर्क्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

प्रतिवादी नारायण भन्ने महेन्द्र पौडेलसँग सामाजिक परम्परा अनुसार विवाह भएकोमा निज प्रतिवादीले बारम्बार कुटपिट गर्ने गरेकोमा निजले मिति २०८२।०४।३० गते बिहान अं.१०:३० बजेको समयमा घरायसी विषयलाई लिई विवाद हुने क्रममा बर्ष ४८ कि गोमा पौडेललाई तरकारी काट्ने घरेलु हतियार धारिलो चक्कुले घाँटिमा रेटी बिभत्स तरिकाले हत्या गरेको हुँदा निज नारायण भन्ने महेन्द्र पौडेल उपर कानून बमोजिम हदै सम्मको कारवाही गरी पाँउ भन्ने समेत व्यहोराको मृतकको सहोदर भाई राजन अर्यालको जाहेरी दरखास्त प्रहरी कार्यालयमा प्राप्त भई अनुसन्धान पश्चात निज प्रतिवादीलाई मिति २०८२।०५।२४ गते जि.स.व.का. न.प.पूर्व मार्फत सम्मानित नवलपुर जिल्ला अदालत समक्ष पेश हुँदा पुर्पक्षको लागि थुनामा गएको।

## मुद्दा शीर्षक – ज्यान सम्बन्धी कसूर

अर्जुन तली समेत ४ जना भई मिति २०८२।०३।१९ गते अं १६:३० बजेको समयमा जामुनको फल खादै गरेको अवस्थामा परिवर्तित नाम ५१(६०) कपिलवस्तुले देखी उक्त जामुनको फल खादै गरेका ४ जनालाई लखेट्दै माछा पोखरीको पानीमा धकेल दिएको र पोखरीमा डुबेका ४ जना मध्ये अर्जुन तेली समेत ३ जना उक्त पानीबाट बाहिर निस्केको र १ जना पानिमा डुबि मृत्यु भएको व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात मिति २०८२।०५।०५ गतेको सम्मानित कपिलवस्तु जिल्ला अदालतको आदेशले निज कानूनको बिवादमा परेका बालक परिवर्तित नाम ५१(६०) कपिलवस्तु बाल सुधार गृह रुपन्देहीमा चलान भएको ।

मासिक ई-बुलेटिन

## सम्पादन मण्डल :

**प्रकाशक**

नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग, नक्साल

**प्रमुख सल्लाहकार**

प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारी

**सल्लाहकार**

प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी

**सम्पादक**

प्रहरी निरीक्षक केवि गुरूङ

**संकलन**

प्रहरी सहायक निरीक्षक दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**

प्रहरी बरिष्ठ हवल्दार कल्पना राई

## सम्पर्कको लागि :


**नेपाल प्रहरी प्रधान कार्यालय,**
**अपराध अनुसन्धान विभाग ,नक्साल काठमाडौं**
**०१-५७१९८६८**

**E-mail: cicu@nepalpolice.gov.np**


**बालबालिका खोजतलास समन्वय केन्द्र : १०४**